www.ctevtsolution.com

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश

प्रदेश कृषि सेवा, कृषि प्रसार/एग्री.इको.मा./बागबानी समूह, पाँचौं तह, प्राविधिक सहायक पदको खुला

**Key (D)**

प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मितिः २०८३/०४/०२

समयः ४५ मिनेट | पत्रः प्रथम । | पूर्णाङ्कः १००

वस्तुगत वहुवैकल्पिक (५० प्रश्न X २ अङ्क):

*उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै परीक्षामा Calculator, Mobile जस्ता विद्युतीय उपकरणहरु प्रयोग गर्न पाइने छैन ।*

1. इस्निया फोइटिडा प्रजातीको गड्यौला के बनाउन प्रयोग गरिन्छ ?
   A. बायोचर B. जैविक विषादी C. गोठेमल D. भर्मि कम्पोष्ट
2. Red laterite माटोमा कुन तत्व बढी हुन्छ?
   A. क्याल्सियम B. फोस्फरस C. म्याङगानिज D. फलाम
3. बायोचार (Biochar) सम्बन्धी तलको कुन भनाइ सत्य होइन?
   A. बायोचार मल हो
   B. बायोचर मल होइन यसमा मल मुत्र मिसिएपछि मात्र मल बन्छ
   C. खेतीमा बायोचारले उत्प्रेरकको भूमिका खेल्छ
   D. धानको भुसबाट बनेको बायोचार क्षारीय गुणको हुन्छ
4. बागबानी शाखामा Olericulture भन्नाले के बुझिन्छ ?
   A. फलफूल बालीको उत्पादन B. फूलको उत्पादन
   C. तरकारी बालीहरुको उत्पादन D. मसला बालीहरुको उत्पादन
5. गोलभैंडाको खुला सेंचित जात कुन हो ?
   A. सृजना B. लप्सी गेडे C. संझना D. गौरव
6. नेचुकी गर्दा प्रयोग हुने मुख्य रुटस्टक कुन हो ?
   A. कर्नाखट्टा B. रंगपुर लाइम C. तीनपाते सुन्तला D. सिन्ट्रेन्ज
7. सेजिटा कुन बालीको जात हो ?
   A. गोलभैंडा B. काउली C. आलु D. प्याज
8. नेपालको कुन क्षेत्रमा रामसाई जातको अलैंची खेती उपयुक्त हुन्छ ?
   A. समुन्द्र सतहदेखि १५०० मिटर उचाई माथिको पहाडी क्षेत्र
   B. समुन्द्र सतहदेखि १००० मिटर उचाई माथिको पहाडी क्षेत्र
   C. समुन्द्र सतहदेखि ८००- १२०० मिटर उचाईको क्षेत्र
   D. समुन्द्र सतहदेखि १०००- १५०० मिटर उचाईको क्षेत्र
9. तलका मध्ये कुन गुण (भूमिका) कृषि प्रसार कार्यकर्ता (Agriculture Extension Worker) को होइन ?
   A. समन्वयकर्ता B. परिचालक C. सहजकर्ता D. निर्णयकर्ता
10. किसान कल सेन्टरको स्थापना र सञ्चालन कहिलेदेखि भएको हो ?
    A. आ.व. २०७२/७३ B. आ.व. २०७३/७४ C. आ.व. २०७४/७५ D. आ.व. २०७५/७६
11. सबैभन्दा बढी खर्चिलो कृषि प्रसारको तरिका कुन हो ?
    A. समूहगत B. आमसञ्चार C. व्यक्तिगत भेटघाट D. माथिका सबै

www.ctevtsolution.com

www.ctevtsolution.com



12. तलका मध्ये कुन कृषि प्रसार विधि "काम गरेर सिक्ने" (Learning by doing) भन्ने सिद्धान्तमा आधारित छ?
    A. टुकी विधि
    B. कृषक भ्रमण सञ्चालन
    C. कृषक पाठशाला सञ्चालन
    D. तालिम र भेटघाट विधि
13. गहुँ उम्रन न्यूनतम कति तापक्रम उपयुक्त हुन्छ ?
    A. ३-५ डिग्री से.
    B. ५-८ डिग्री से.
    C. ८-११ डिग्री से.
    D. ११-१५ डिग्री से.
14. विकास, उन्नती, प्रगती जस्ता उन्नत जातको तोरी बालीको खेती गर्दा प्रति हेक्टर उत्पादन कति हुन्छ ?
    A. ०.८-१.४ मे.ट.
    B. १.८-२.४ मे.ट.
    C. २.८-३.४ मे.ट.
    D. ३.८-४.४ मे.ट.
15. रैथाने बालीहरुमध्ये कोदो (Finger Millet) नेपालको प्रमुख खाद्यान्न बाली हो । यसको उत्पत्ति कहाँ भएको मानिन्छ ?
    A. नेपाल
    B. भारत
    C. चीन
    D. इथियोपिया
16. मुसुरोको बीउमा हुनुपर्ने चिस्यानको मात्रा (अधिकतम) कति प्रतिशत हो ?
    A. ८
    B. ९
    C. १२
    D. १३
17. सामान्यतया धानबालीमा पाक्ने चरण कति दिनको हुन्छ ?
    A. ३० दिन
    B. ४० दिन
    C. ४५ दिन
    D. ५० दिन
18. सिताके च्याउ खेतीमा काठ छनोट गर्दा लिइने मुख्य वैज्ञानिक आधार के हो ?
    A. काठको लम्बाइ
    B. काठको उमेर र लिग्निन मात्रा
    C. काठको रंग
    D. काठको बोक्रा
19. तलका मध्ये कुन विषादी नेपालमा प्रतिवन्धित गरिएको छ ?
    A. बुटाक्लोर
    B. म्यानकोजेव
    C. फिपरोनिल
    D. इन्डोसल्फान
20. RBPR परिक्षणबाट फलफूल तथा तरकारीमा कुन विषादीको अवशेष पत्ता लगाइन्छ ?
    A. निकोटिन्वाइड र अर्गानोफोस्फेट
    B. कार्वामेट र पाइराजोल
    C. अर्गानोफोस्फेट र कार्वामेट
    D. वेन्जामाइड र पाइरिडिन
21. एकीकृत शत्रुजीव व्यवस्थापन (आई. पी. एम.) का सिद्धान्तहरुमध्ये कुन सिद्धान्त ठीक छ ?
    A. नियमित खेतबारीको मूल्याङ्कन गर्ने
    B. कृषकलाई दक्ष बनाउने
    C. कृषकहरुको नेतृत्व विकास गर्ने
    D. शिकारी किराबाट शत्रुजीवको नियन्त्रण
22. आलुको भण्डारणमा लाग्ने चिलेसा (Potato tuber moth) को आक्रमणले हुने क्षति कम गर्न तलका मध्ये कुन तरिका अपनाउनुपर्छ ?
    A. बारीमा उकेरा लगाउने
    B. खन्नुभन्दा पहिले डाँठ उखेल्ने
    C. भण्डार गृह सरसफाइ गर्ने जालीले ढाक्ने
    D. माथिका सबै
23. कुनै पनि कृषि फार्मको मुख्य आर्थिक उद्देश्य कुन हो?
    A. खुद आम्दानी बढाउने
    B. कुल आम्दानी बढाउने
    C. कुल खर्च घटाउने
    D. उत्पादकत्व बढाउने र कुल खर्च घटाउने
24. न्यूनतम समर्थन मूल्यले कुन जोखिम घटाउँछ ?
    A. उत्पादन जोखिम
    B. मूल्य अस्थिरता
    C. मौसम जोखिम
    D. जैविक जोखिम
25. तलका मध्ये कुन प्राथमिक तथ्याङ्कको श्रोत <u>होइन</u> ?
    A. सर्भे
    B. तथ्याङ्क पुस्तिका
    C. अन्तर्वार्ता
    D. फिल्ड परीक्षण
26. नेपालको संविधान अनुसार देहाय मध्ये कुन चाहीँ नागरिक कर्तव्य <u>होइन</u> ?
    A. संविधान र कानुनको पालना गर्नु
    B. सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु
    C. सार्वजनिक पदमा सेवा गर्नु
    D. राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु

www.ctevtsolution.com

www.ctevtsolution.com


वृद्धिशील निर्णय (Incremental Decision) भन्नाले कस्तो प्रकारको निर्णयलाई बुझिन्छ ?
A. विकल्पहरु मध्येबाट उपयुक्त विकल्प छनौट गरी लिइने निर्णय
B. साविकको अवस्थामा सामान्य थपघट गर्ने गरी लिइने निर्णय
C. समस्या सिर्जना हुनु पूर्व नै लिने निर्णय
D. तत्कालिन घटनाको सम्बोधन गर्न लिइने निर्णय

28. नेपालमा सार्वजनिक वडापत्र कहिलेबाट शुरु भएको हो ?
A. वि.सं. २०५२ B. वि.सं. २०५४ C. वि.सं. २०५५ D. वि.सं. २०५६

29. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिमा नेपालले कहिले हस्ताक्षर गरेको थियो?
A. सन् २००३ डिसेम्बर १०
B. सन् २०११ मार्च २९
C. सन् २००४ अक्टोबर ३१
D. सन् २००६ जुलाई २१

30. नगर सभा वा गाउँ सभा सम्पन्न भएको कति दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने कानुनी व्यवस्था छ ?
A. १५ दिन भित्र B. ७ दिन भित्र C. ३ दिन भित्र D. ३० दिन भित्र

31. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवामा कति प्रकारका सेवाको व्यवस्था गरिएको छ?
A. ६ B. ७ C. ८ D. ९

32. मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा खरिद ऐन, २०६३ ले कति वटा खरिद विधिबाट खरिद कार्य गर्न सकिने व्यवस्था गरेको छ ?
A. १० वटा B. २ वटा C. ५ वटा D. ७ वटा

33. अभिलेख के का लागि राखिन्छ?
A. कानुनी दायित्व पुरा गर्न
B. भविष्यमा प्रमाणको रुपमा लिन
C. सार्वजनिक दायित्व पुरा गर्न
D. माथिका सबै

34. टिप्पणी लेखनको मुख्य उद्देश्य के हो ?
A. व्यक्तिगत विचार राख्नु
B. निर्णयकर्तालाई आवश्यक आधार उपलब्ध गराउनु
C. जन गुनासो सम्बोधन गर्नु
D. सेवा प्रवाहलाई प्रभावकारी बनाउनु

35. सार्वजनिक प्रशासनमा POSDCORB सिद्धान्त कसले प्रतिपादन गरेका हुन् ?
A. Woodrow Wilson
B. Frederick Taylor
C. Max weber
D. Luther Gulick & Lyndall Urwick

36. Girl Scouts and Girl Guide ले मनाउने विश्व विचार दिवस (World Thinking Day) कहिले पर्दछ ?
A. १० फेब्रुअरी B. २२ फेब्रुअरी C. २० मार्च D. २७ अगष्ट

37. हाल शनिबार सँगै आईतबार पनि सार्वजनिक बिदा दिने चलन कहिलेबाट सुरु गरिएको हो ?
A. वि.सं. २०८२ चैत्र २३ गते
B. वि.सं. २०८२ चैत्र २९ गते
C. वि.सं. २०८३ वैशाख ७ गते
D. वि.सं. २०८३ जेठ २३ गते

38. युरोपेली संघ स्थापनाको जग मानिने माष्ट्रिच सन्धि (Maastricht Treaty) कहिले भएको थियो ?
A. सन् १९९५ जनवरी १
B. सन् १९९२ फेब्रुअरी ७
C. सन् २००२ मार्च २५
D. सन् १९८१ जनवरी ३१

39. नेपालको संविधानको अनुसूची अनुसार नाप-तौल सम्बन्धी अधिकार कुन तहको अधिकार क्षेत्र भित्र पर्दछ?
A. संघ B. प्रदेश C. संघ र प्रदेश D. स्थानीय तह

www.ctevtsolution.com

www.ctevtsolution.com



40. खुर्सानी कुन तत्वले गर्दा पिरो हुन्छ ?
A. निकोटिन (Nicotine)
B. ट्यानिन (Tannin)
C. क्याफिन (Caffeine)
D. क्याप्साइसिन (Capsaicin)

41. सूचना तथा प्रविधिको क्षेत्रमा Digital Twin भन्नाले के बुझिन्छ ?
A. कम्प्युटरको आकार दोब्बर बढाउने
B. वास्तविक वस्तु वा प्रणालीको डिजिटल प्रतिरुप तयार गर्ने
C. डबल स्क्रिन भएको कम्प्युटर
D. दोस्रो हार्ड डिस्क

42. जलवायु परिवर्तनको मुख्य कारण मानिने ग्यास कुन हो ?
A. अक्सिजन
B. कार्वनडाइअक्साइड
C. नाइट्रोजन
D. हाइड्रोजन

43. आर्थिक वर्ष २०८५/८६ सम्ममा गण्डकी प्रदेशको मानव विकास सूचकाङ्क कति पुऱ्याउने परिमाणात्मक लक्ष्य राखिएको छ ?
A. ०.६१
B. ०.७०
C. ०.८५
D. ०.७५

44. पृथ्वीनारायण शाहको बुबाको नाम के हो ?
A. बहादुर शाह
B. नरभुपाल शाह
C. राम शाह
D. द्रव्य शाह

45. गण्डकी प्रदेशमा गाउँपालिकाको संख्या कति रहेका छन् ?
A. ४६
B. ८५
C. ५८
D. २७

46. गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली कति सालमा जारी गरिएको हो ?
A. वि.सं. २०७६
B. वि.सं. २०८०
C. वि.सं. २०८२
D. वि.सं. २०७९

47. गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना अनुसार आ.व. २०८३/८४ सम्म आलुबालीको उत्पादकत्व कति पुऱ्याउने लक्ष्य राखिएको छ?
A. १६.८१ टन/हेक्टर
B. १७.१ टन/हेक्टर
C. १८.० टन/हेक्टर
D. १८.५३ टन/हेक्टर

48. राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य के हो ?
A. कृषिको उत्पादन र उत्पादकत्व बढाउने
B. प्राकृतिक स्रोत र जैविक विविधता संरक्षण
C. कृषिलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउने
D. माथिका सबै

49. नाइट्रोजन तत्वको कमी हुँदा बालीविरुवामा देखापर्ने मुख्य लक्षण कुन हो ?
A. बोटका नयाँ पात पहेँलो हुने
B. बोटका नयाँ पातको किनारा पहेँलो हुने
C. बोटका पुराना पात पहेँलो हुने
D. पात पहेँलो हुने तथा डाँठ र नसा हरियो हुने

50. धानवालीमा अति आवश्यक मानिएको शुक्ष्मतत्व कुन हो ?
A. कोवाल्ट
B. निकेल
C. सिलिका
D. एलमुनियम

समाप्त ।

www.ctevtsolution.com